# नीतिगत निर्णयहरु

१ आ.व. २०७६/०७७ को लागि कार्यपालिकाबाट प्रस्तुत नीति, कार्यक्रम तथा बार्षिक बजेट २०७६, जयपृथ्वी नगरपालिकाको आर्थिक ऐन, २०७६ र विनियोजन ऐन, २०७६ स्वीकृत गरियो ।

२ धार्मिक तथा पर्यटकीय स्थलहरु ऋषिकुण्ड, कैलाश गुफा, सिद्धमनाना, गोरेपाटन, वारिल लगायत पर्यटकीय क्षेत्रहरुको विकास प्रबर्द्धनका लागि नेपाल सरकार संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पहल, समन्वय गर्ने निर्णय गरियो ।

३ मदिराको व्यवस्थित प्रयोग र नियन्त्रण गरि सुरक्षित र स्वस्थ समाजको निर्माण गर्न र जाँड रक्सि सेवनका कारण जिल्लामा घटीत अपराधहरु तथा बलात्कार जन्य घटनालाई निरुत्साहन गर्न सरोकारवाला निकायहरु स्थानीय प्रशासन, आमा समुह, युवा क्लव, सञ्चार माध्यमहरु संग प्रभावकारी अन्तरक्रिया र समन्वय गर्ने गरी मदिरा सेवन नियन्त्रण तथा नियमन गर्ने निर्णय गरियो ।

४ सुरक्षित शहरको अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्न नगर क्षेत्रमा भवन आचारसंहिता, २०७२ कडाईका साथ लागु गर्ने निर्णय गरियो ।

५ उन्नत पशुको आयातमा जोड दिई स्थानीय पशु प्रजातीको संरक्षण गरि दुग्ध र मासु जन्य उत्पादनमा जोड दईने र पशु बीमा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

६ वडा कार्यालयको भवन निर्माणका लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

७ कृषकलाई वाली तथा पशु बीमा तर्फ उन्मुख गराउने निर्णय गरियो ।

८ स्थानीय स्तरमा कृषि उद्योग स्थापनामा जोड दिने निर्णय गरियो ।

९ यस नगरपालिकामा ओद्यौगिक क्षेत्र स्थापना सम्भाव्यता उद्योग संचालनका लागि आवश्यक थप अध्ययन अनुसन्धान गर्ने निर्णय गरियो ।

१० नगर क्षेत्रमा संचालित व्यावसायिक फर्म दर्ता, नविकरण कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

११ सार्वजनिक, नीजि, साझेदारी तथा सहकारी संगको सहकार्यमा जोड दिने निर्णय गरियो ।

१२ स्थानीय धार्मिक स्थलको र सम्बर्द्धन गर्ने निर्णय गरियो ।

१३ ऐतिहाँसिक धार्मिक स्थल, मठमन्दिर, कला संस्कृतीको संरक्षण र प्रचार प्रसारमा जोड दिने निर्णय गरियो ।

१४ आ.व. २०७४।०७५ सम्मको लेखा समितिले आ.ले.प. तथा अन्तिम लेखा परिक्षणबाट औंल्याइएका बेरुजु समपरिक्षण गर्न गराउन बेरुजु फछ्र्यौट कार्य योजना बनाई बेरुजुलाई शुन्यान्तर गर्न निर्देशन दिने निर्णय गरियो ।

१५ जयपृथ्वी नगरपालिकालाई आवश्यक पर्ने सार्वजनिक खरिद नियमावली २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

१६ आ.व. २०७५।०७६ मा संचालन भएका आयोजाना, योजना तथा कार्यक्रमहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१७ जयपृथ्वी नगरपालिकाले एकिकृत सम्पत्तीकरको लागि निर्धारण गरेको सम्पत्ती मुल्यांकनमा वडा नं. ७ र १० बाट जनगुनासो आएकाले उक्त वडाको सम्पत्ती मुल्यांकनमा हेरफेर गर्ने निर्णय गरियो ।

१८ नगरपालिका क्षेत्र भित्र आधुनिक कवर्ड हल सहितको खेलमैदान निर्माणका लागि प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयमा अनुरोध गर्ने निय गरियो ।

१९ Project Bank मा रहेका योजनाहरु कार्यान्वयन गर्नका लागि नगरपालिकाले छुट्याइएको समपुरक कोष (Matching Fund) को साझेदारीमा प्रदेश सरकार तथा संघीय सरकारमा थप रकम मागको लागि अनुरोध गर्ने निर्णय गरियो ।

२० यस नगरपालिकाको कार्यालयबाट तलब भत्ता खाइपाई आएका लामो समय देखि सेवा करारमा कामकाज गरिरहेका कर्मचारीहरुको सेवा करारलाई निरन्तरता दिई नेपाल सरकारले आ.व. २०७६।०७७ देखि लागु हुने गरी बढाएको तलब समेत दिने निर्णय गरियो ।

२१ साविक गा.वि.स. तथा जिल्ला समन्वय समितिबाट गाभिएका तथा समायोजनभई यस कार्यालयमा कार्यरत कर्मचारीहरुको अगाडी अस्थायी नियुक्ति पाई पछि करार सम्झौता भएकाले उक्त करार सम्झौता त्रुटीपूर्ण हुन गएकाले निजहरुको अस्थायी नियुक्तिलाई निरन्तरता दिने निर्णय गरियो ।

२२ यस नगरपालिका क्षेत्रमा नयाँ स्थापना हुने वित्तिय संस्थाको नगरपालिकामा दर्ता हुने र क्षेत्र विस्तार गर्न नगरपालिकाको स्वीकृती लिनु पर्ने निर्णय गरियो ।

२३ यस नगरपालिकाका सबै वडाको लागि विनियोजन भएको प्रशासनिक खर्च नपुग भएमा नगर कार्यपालिकाको कार्यालयका लागि विनियोजन भएको विविध तथा कन्टीजेन्सि खर्चबाट रु. ५०००० (पचास हजार) सम्मको प्रशासनि खर्च वडामा खर्चको लागि पठाउने निर्णय गरियो ।